नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ६१ | २०७७ साल असोज १२ गते सोमबार (28 Sep. 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी बापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको कुपोषित... ३ पृष्ठमा : एनआरएनएको कोभिड-१९ ... ३ पृष्ठमा : भारतमा कोरोना सङ्क्रमित...

# आवश्यकता एवं औचित्यका आधारमा मात्र सिफारिस गर्न जिल्ला प्रशासनको अनुरोध

**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले कोरोना संक्रमणको वर्तमान अवस्थालाई दृष्टिगत गरी सेवाग्राही स्वयंको स्वास्थ्य सुरक्षा समेतका अभिप्रायले जिल्लास्थित पालिका, वडा कार्यालयहरुले आवश्यकता एवं औचित्यका आधारमा मात्र सिफारिस गरी सेवाग्राहीलाई पठाउन अनुरोध गरेको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत एवं सूचना अधिकारी आनन्दा ठाकुरद्वारा जारि सूचनामा प्रशासन कार्यालयका एक जना कर्मचारीको कोरोनाका कारण मृत्यु तथा अन्य केहि कर्मचारीहरु समेत संक्रमित भई न्यून जनशक्तिवाट कार्यालयको काम सम्पादन गर्नु पर्ने र वर्तमान अवस्थाका कारण सेवाग्राहीलाई समेत स्वास्थ्य सम्वन्धि समस्या पर्न सक्ने संकेत गर्दै कार्यालयले सो अनुरोध गरेको हो ।

कार्यालयले असोज ९ गते जारी गरेको सूचनामा असोज ११ गतेदेखी लागु हुने गरि कार्यालयले सर्तसहित नयाँ नागरिक्ता र प्रतिलिपी नागरिक्ता वितरणको काम पनि सुरु गरेको छ ।

जारि सूचनामा आइतवार शम्भुनाथ, सुरुङ्गा र डाकनेश्वरी नगरपालिका, सोमवार रुपनी गाउँपालिका, खडक नगरपालिका र तिरहुत गाउँपालिका, मंगलवार हनुमाननगर कंकालिनी नगरपालिका र महदेवा गाउँपालिका, बुधवार तिलाठि कोईलाडि र छिन्नमस्ता गाउँपालिका, विहिवार राजविराज नगरपालिका र राजगढ गाउँपालिका तथा शुक्रवार अग्निसाईर कृष्णासवरण र विष्णुपुर गाउँपालिकाको कार्य सम्पादन गरिने उल्लेख छ ।

यता सप्तकोशी र कञ्चनरुप नगरपालिकाको इलाका प्रशासन कार्यालय कञ्चनपुर तथा वोदेवरसाईन नगरपालिका र वलान विहुल गाउँपालिकाको काम इलाका प्रशासन कार्यालय वोदेवरसाईनबाट नै भईरहेको छ ।


मितिः- २०७७/०६/०९

जिल्ला प्रशासन कार्यालय,सप्तरीद्वारा
मिति २०७७/०६/११ गतेबाट प्रवाहित हुने
**सेवा सम्बन्धी सूचना**

यस कार्यालयद्वारा प्रवाहित हुने नयाँ नागरिकता र प्रतिलिपी नागरिकता सम्बन्धी सेवालाई स्वास्थ्य सतर्कता सहित प्रवाह गर्ने उद्देश्यले मिति २०७७/०६/०१ गते यस कार्यालयद्वारा सूचना प्रकाशित गरी पालिकागत रुपमा व्यवस्थित गरिएको व्यहोरा सबैमा विदितै छ । विगत एक हप्ताको अनुभवको आधारमा उक्त सेवाहरुलाई तपशिलमा उल्लेखित तालिका बमोजिम मिति २०७७/०६/११ गतेबाट लागू हुने गरी थप व्यवस्थित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि आदेशानुसार अनुरोध छ ।

| क्र.स. | स्थानीय तह | सेवा प्रवाह गरिने दिन |
|---|---|---|
| १ | शम्भुनाथ नगरपालिका<br>सुरुङ्गा नगरपालिका<br>डाक्नेश्वरी नगरपालिका | आईतबार |
| २ | रुपनी गाउँपालिका<br>खड्क नगरपालिका<br>तिरहुत गाउँपालिका | सोमबार |
| ३ | हनुमाननगर कंकालनी नगरपालिका<br>महदेवा गाउँपालिका | मंगलबार |
| ४ | तिलाठी कोइलाडी गाउँपालिका<br>छिन्नमस्ता गाउँपालिका | बुधबार |
| ५ | राजबिराज नगरपालिका<br>राजगढ गाउँपालिका | बिहीबार |
| ६ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका<br>बिष्णुपुर गाउँपालिका | शुक्रबार |

पुनश्चः
जिल्ला प्रशासन कार्यालयको एक जना कर्मचारीको मृत्यु तथा अन्य केही कर्मचारीहरु समेत कोभिड-१९ संक्रमित भई न्यून जनशक्तिबाट कार्यालय संचालन भएको र कोरोना संक्रमणको बर्तमान अवस्थालाई दृष्टिगत गरी सेवाग्राही स्वयंको स्वास्थ्य सुरक्षा समेतका अभिप्रायले जिल्ला स्थित पालिका/ वडा कार्यालयहरुले आवश्यकता एवं औचित्यका आधारमा मात्र सिफारिस गरी सेवाग्राहीलाई पठाई स्वास्थ्य सुरक्षा सतर्कता सम्बन्धी मापदण्ड पालन गर्न/ गराउन सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

आनन्द कुमार ठाकुर
प्रशासकीय अधिकृत

भर्ना खुल्यो । भर्ना खुल्यो ॥

**सगरमाथा अञ्चलको एक मात्र**
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
(३ बर्षे)

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य- गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फारम भर्ने अन्तिम मिति** : २०७७ असोज १४ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
**फोन नं.**-०३१-५२०८३९, **मो.नं.** ९८०४७०१४२१, ९८२४७२०३९८

भर्ना खुल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | CITY EXPRESS MONEY TRANSFER | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

### दुःखमा साथ नदिए, कहिले !

कोरोना महामारीका कारण सम्पूर्ण व्यापार चौपट भएको छ । व्यापार गर्न विभिन्न वित्तिय संस्थाहरुबाट लिएको ऋणको भाका समेत डुब्ने खतरा पनि उत्तिकै रहेको छ । विभिन्न व्यापारीक प्रयोजनका लागि वित्तिय संस्थासँग लिएको ऋणको कोरोना महामारीका कारण विगत ६ महिनादेखी चौपट रहेको ब्यापारका कारण ब्याज समेत बुझाउन सकिरहेका छैनन् । यस्तो अवस्थामा सरकारले कुनै राहत प्याकेज समेत ल्याउन सकेको छैन् । व्यापारीहरुको प्रोत्साहनका लागि सरकारले कुनै राहत ल्याउन सकेको छ नत उनीहरुको ऋणको ब्याजमा कुनै सहुलियत नै दिन सकेको छ ।

यता तिर आगामी महिनादेखी हिन्दुहरुको महान चाड वडा दशैं आउँदै छ । यस चाडमा नेपालीहरुले नयाँ नयाँ लुगाफाटा खरीद गर्ने गर्छन् । तर, यसपाली महामारीका कारण सबैको बित्तिय अवस्था अत्यन्त कमजोर छ । जसको प्रत्येक असर ब्यवसायमा पर्दछ । कपडा पसलेहरु ब्यापार गर्न यसपाली त्यति जुरमुराएको देखिन्न । पसलमा ग्राहकको आगमन न्युन छ । जसले गर्दा उनीहरु जेहनतेन घरखर्च चलाउन पनि पसल संचालक गर्दैछन् ।

यस्तो अवस्थामा सरकारले व्यापारीहरुका लागि ऋणको आधारमा भएपनि सहुलियत प्याकेजका कार्यक्रम ल्याई उनीहरुलाई प्रोत्साहन गर्नु आवश्यक छ । तसर्थ जनताको घाउँमा मल्हम लगाउने बेलामा आफ्नो दायित्व पुरा गर्न सरकार पछाडी पर्नुहुँदैन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारको कुपोषित सोचको शिकार नेपाली जनता



**मौसमी कुशवाहा**

रोगी नेपाल, भोगी सरकारको चलखेल र भोकाएको जनताहरुको जलेको उम्लेको पेट छोडेर मेरो दृष्टि र दिमाग मात्र कलम समात्न मान्छ । नेपाल धेरै कुराले सम्पन्न नभए पनि धार्मिक, जातीय विभेदता, रोगी, भोगी र भोकले परिपूर्ण, सम्पन्न र समृद्ध हो भनौं । वर्तमान समयलाई मध्यनजर गर्ने हो भने नेपाल लगायत सारा विश्व कोभिड-१९ को विषम प्रभावले बल्भिएको छ । मानिसहरुको मूल्य किरा फटयाङग्रा जति पनि रहेन । चीनबाट इटली, अमेरिका, भारत, नेपाल लगायत अरु पनि कति राष्ट्रहरु छन् जुन अहिले पनि यो विश्व माहामारीबाट जुझेको छ । चैत्र ११ देखि भएको बन्दाबज्दी अहिले असोजको अन्तयसम्म पनि नखुलेर नेपालको जनजीवनको अवस्था दिनानुदिन भयाभह बन्दै गएको छ । देशमा काम र मामको अभावमा मानिसहरु आहत भएका छन् ।

नेपाली उखान "ताक परे तिवारी नत्र गोतामे" भन्ने भनाई यहाँ चरितार्थ भएको छ । जब राष्ट्र लगायत सारा नागरिक महामारीमा छन् तब औठे छाप नेताहरुलाई सेवा, सुविधा र सुरक्षाको साट्टो आफ्नो पेट र प्याकेट भर्नमा व्यस्त । हालको समयमा राष्ट्र तीन तहमा विभाजित छन् । एक रोगी नेपाल, दोस्रो भोगी सरकार र तेस्रो भोको जनता । यी तिनैको ताण्डव दिनरात नेपालमा भएको देखिराखेको छ । म आज भोली "कमेडी सो" हास्य कार्यक्रम नै हेर्न छोडि सकेछु । हाम्रो देशमा जुन राजनीतिक गतिविधि छ त्यो हेर्दा कमेडी सो पनि उराठलाग्दो भइसकेको छ । आर्थिक स्वास्थ्य, धार्मिक, राजनीतिक, शौक्षिक लगायत विकासका पाँचै पूर्वधारहरु रातदिन भ्याईनभ्याई आफ्नो आरिङ्ले चालका जुन योजनाहरु छन् त्यो सफल पार्नमा व्यस्त छन् । भोकाएको र बहुलाएको कुकुरले न्याल जसरी चुहाउँछ त्यसरी सत्ता र कुर्सीमा बसेको सत्ताधारीले न्याल चुहाएका छ । धर्मको नाममा सुरक्षाकर्मी कुटाएका छन् । दङ्गा भएको छ । स्वास्थ्यको नाममा करोडौं करोड घोटाला भएको छ । कृषिको नाममा घोटाला हरेक क्षेत्रमा मात्रा आफ्नो पकेट र पेटको चिन्ता मात्र रहेको छ ।

भोजपुरी भाषामा एउटा भनाई छ "चिरैई के जान जाए, लईका के खेलौना" भने झै आज नेपाली जनताको हाल भएको छ । जनता आफ्नो ज्यानको लागि भिख माग्दै छ यता सरकार आफ्नो कुर्सीबाट पिलपिलाएको जनताको मृत्यु लीला हेर्दैमा व्यस्त ।जल्दोबल्दो उदाहरण; सुरुमा १५००० रुपैयाँमा पीसीआर हाल २००० रुपैयाँ मा गर्ने भएको छन् । रातारात यस्तो के चमत्कार भयो की ह्वातै त्यति मूल्य घट्यो । लुटन पनि कति लुटेको स्वास्थ्य व्यवसायीहरुले । प्रदेश २ को सरकारले पाएको बजेटबाट ४ करोड भोज भतेर मै स्वाहा ! हैन, भोजभतेमा नि कति खाने गर्छ ? यी भोकाहाहरुको कत्रो पेट कहिल्यै नभरिने । नेपाली नागरिक केन्द्र र प्रदेश सरकार लगायत स्थानीय निकायले मात्र लुट मचाउनमा ध्यानाकर्षण देखियो । प्रदेश २ को सिराहा नगरपालिकामा १११ थान तकिया खोलको मूल्य ३,१९,२७५ पर्ने भएको छ । एउटा तकिया खोलको मूल्य रु २८७६ परेको छ । अब बिचार गरौं हिरामोति नै जरेको छ कि के होला त्यो बिरामीको लागि किनेको तकियाको खोलमा कि २ हजार ८ सय ७६ मूल्य परेछ । त्यसतै ५११ तन्नाको ४५,०३,६१८ परेको छ । प्रति तन्नाको मूल्य ८ हजार ६१ परेको छ । कस्तो खालको तन्ना ? रेश्मी सुन जरेकै तन्ना कोरनटाईमा दिएको हो कि ? यति पनि लाज कसरी पचाएको स्थानीय सरकारले । अलिकति पनि न लाज नभएका निर्ल्लजहरुको कर्तुत लेख्न मेरो कलमलाई पनि लाज भयो ।

नेपाली नागरिक खाडि मुलुकहरुमा ६ महिनैदेखि काम नपाएर विजोग भएका छन् । खानको लागि पनि पैसा नभएको अवस्थामा स्वदेश फर्काउनुको साट्टो नेपाली दुतावासले हामी केहि गर्न सक्दैनौ भन्ने जवाफ फर्काएका छन् । केहि चलखेल पछि नेपाल सरकारले ७०० रुपैयाँ पर्ने हवाई भाडालाई तिन दोब्बर रु २७०० मा फर्काएका छन् । यता अष्ट्रेलियाबाट प्रति उडान १० लाख कमिसन खाएको छ । यस्ता सरकारसँग कस्तो आशा राख्ने हामी नेपाली जनता ?

टेलिभिजन, रेडियोदेखि हरेक टेलिफोन कलमा ३ ओटा उपाए प्रचार गर्दै आएका छन् । यी ३ उपाय २ मीटरको दुरी, भीडमा मास्क र बेलाबेलामा साबुन पानीले हात धुईरहने यी सरल उपायले कोरोना सर्दैन । नेपालमा ३६ लाख गरिखाने नेपालीले चैत्र ११ देखि काम गरेको छैन । उनीहरुको आम्दानी बन्द भएको छ । कति कर्मचारीले १/२ महिनाको तलब पाएको छ भने अरु सामान्यजनता भोकभोकै छन् । महिनौ देखिको बन्दाबन्दी र निषेधाज्ञाले घरभाडामा बस्ने नागरिकहरु सबैभन्दा बढी मर्कामा परेको छन् । लाखौं विद्यार्थी, व्यावसायीहरु घरको, बैंकको, बिजुली लगायत अनेकौं सरकारी कार्यालयको कर ब्याज तिर्न आहत भएका छन् । पेटमा खाना पाएको छैन । सरकारको साहूको ब्याज कहाबाट तिर्ने ? प्रधानमन्त्रीले धनी हुनको लागि कमाउने हो, भात खुवाउने जिम्मेदारी हाम्रो छ भन्ने कुरा संसदमा भने पनि त्यो भनाईको कुनै अर्थ आज देखिएको छैन् । बन्दाबन्दीको सुरुसुरुमा स्थानीय तहले केहि राहत वितरण गरेपछि अहिले दोहोऱ्याएर मुख नदेखाउने सरकार आखिर कहिलेसम्म यो निषेधाज्ञा ? कहिलेसम्म नेपाली जनतालाई भोकभाकै मार्ने ? यो प्रश्नको जवाफ कोही सँग छैन् । जनताले आफ्नो ब्याधा कोहीसँग भन्न नसक्ने, बिरामीले उपचार बिना मृत्युवरण हुनुपर्ने, भोक लागेको आवाज पनि घरको भित्ता छेडेर बाहिर नआउनु पर्ने, कसैलाई केही भन्नु पनि नपर्ने यस्ता संवेदशील संरचनामा जीवन बिताइ रहेको नेपाली भोको जनताको चित्कार नसुन्ने सरकार आखिर कहिलेसम्म यो भोक र मृत्युको ताण्डव ? सरकारी कर्मचारी, सभासद नेतादेखि राष्ट्रपति, प्रधानमन्त्रीको तलब, भत्ता केही नरोकिएको कारण आजसम्म कानमा तेल हालेर घोडा जस्तो सरकार सुतेका छन् । निषेधाज्ञा नलाए पनि कोराना नियन्त्रण गर्ने अनेकौ उपाए भए पनि सरकारसँग चितुवाको चाल र संरचना भए पनि क्रियाशिलता शङ्खेकिरा जस्तो !

हाम्रो सोच यति उन्नतखालको छ "जो पढ्न सकेन वा कम पढ्यो, जीवनमा सफता प्राप्त गर्न सकेन भने त्यो शिक्षक र नेता बन्ने" बिडम्बना जो सम्पूर्ण राष्ट्रलाई, जनतालाई अँध्यारोबाट उज्यालो र उन्नतिको बाटोमा लम्काउँछ वा सुनौंलो बिहानी देखाउँछ त्यहि पंगु जो सम्पूर्ण राष्ट्रलाई उन्नति प्रगतिको मार्गमा डोऱ्याउँछ । देशको सम्पूर्ण जनताको कमरेड हो । त्यहि अशिक्षित अपाङ्ग सोच, बुद्धि भएको जो हाम्रो राष्ट्रकै अभिभावक सम्पूर्ण जनताको जिम्मेवारी लिएको छ त्यहि पंगु हो, यो भन्दा ठूलो अभिशाप, लज्जायुक्त कुरा ठूलो दुर्भाग्य भन्दा अरु कुरा के छ । त्यो राष्ट्रको कस्तो भविष्य रहला ? दुःखको कुरा यस्ता पंङुहरुको हातमा राष्ट्रको बागडोर समात्न पुगेका छन् । जो आफै शिक्षाको प्रकाशबाट बञ्चित छ त्यो के जनतालाई उज्यालो भविष्य र सुनौंलो बिहानी हेराउँला ? राष्ट्रको जुन राजनीतिक खेलको धरातल छ त्यो खेलको खेलाडी र खेल्ने गोटि समय अनुसार समान नै रहिरह्यो । जबसम्म खेलाडी र गोटि बदिल्दैन तबसम्म यो ताण्डव भई नै रहन्छ । हामी नेपालीहरुको ठूलो समस्या कोही सँग प्रश्न नै न गर्नु हो । कोही एक दुई-जनाले गरे पनि सबभन्दा पहिले आफ्नै आफन्त हुन्छ । चुप गराएको हुन्छ हप्काएको हुन्छ ।

वर्तमान समयमा सम्पूर्ण संसार यो कोराना भाइरसको आतङ्कले खलबलिएको छ । अहिलेसम्म कुनै भ्याक्सिन बन्न सकेको छैन् । तर एक न एक दिन भ्याक्सिन आउँछ नै र कोरोना भाग्छ नै । तर जुन भाइरस हाम्रो सोचमा छ दुई जिब्रे मुखौटाधारीहरुको मस्तिष्क मै पुस्तौदेखि, युगौदेखि जरो गाडेर बसेछ, त्यो भाईरसको अन्त्य कहिले ? कहिलेसम्म उस्को आतङ्कको शिकार हामी हुने ? हामी र हाम्रो देश कहिले निरोगी हुने ? सरकारको कुपोषित सोचको शिकार हुनबाट हामी कहिले स्वस्थ्य हुने ? को देला यो प्रश्नहरुको जवाफ ? कि अन्त्यमा हेपटाईइटिस बि जस्तै यो कोरोना जस्तै हामी दैनिक जीवनसँगै समायोजन भई डर, लाज, पचाएरै जीवन बिताउने छौं ? *(मधेश दर्पण फिचर सेवा)*

# सातै प्रदेशमा प्रतिष्ठान प्रकाशन

काठमाडौं, ११ असोज (रासस) ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रकाशन अब सातै प्रदेशमा पुग्ने भएको छ । प्रज्ञा-प्रतिष्ठानले आफ्ना प्रकाशन मुलुकका सातै प्रदेश र विदेशमा बिक्री वितरण कार्य गर्न सक्ने सञ्जाल बनाएको छ ।

आधिकारिक बिक्रेता छनोटका लागि विसं २०७७ साउन २२ गते प्रथम पटक र भदौ २६ गते दोस्रो पटक गोरखापत्र राष्ट्रिय दैनिकमा सार्वजनिक सूचनामार्फत बोलपत्र आह्वान गरेकामा थियो । निर्धारित सर्तका अधीनमा रही पुस्तक तथा पत्रपत्रिका वितरण गर्न तयार भएका बोलपत्रदातामध्ये मकालु प्रकाशन गृहको बोलपत्र रितपूर्वक हुन आएकाले स्वीकृत भई सम्झौता भएको छ ।

सम्झौता पत्रमा नेपाल प्रज्ञा-प्रतिष्ठानका तर्फबाट सदस्य सचिव प्रा जगतप्रसाद उपाध्याय र मकालु प्रकाशन गृहका तर्फबाट प्रबन्ध निर्देशक वासुदेव ढकालले हस्ताक्षर गर्नुभएको छ । प्रा उपाध्यायले प्रज्ञा-प्रतिष्ठानको प्राज्ञिक गौरवका रूपमा रहेका नेपाली बृहत् शब्दकोशका साथै भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र, सामाजिक शास्त्रलगायत विषयसँग सम्बद्ध ग्रन्थ र पत्रपत्रिकालाई मकालु प्रकाशन गृहले देशका सबै प्रदेशअन्तर्गत रहेका जिल्ला र विदेशमा समेत पुऱ्याउनेमा प्रज्ञा-प्रतिष्ठान विश्वस्त रहेको धारणा व्यक्त गर्नुभयो ।

मकालु प्रकाशन गृहका वासुदेव ढकालले प्रज्ञा-प्रतिष्ठानका सम्पूर्ण प्रकाशन सम्झौता बमोजिम नै देशका सबै भागमा र विदेशमा पुऱ्याउने प्रतिबद्धता जाहेर गर्नुभयो ।

# एनआरएनएको कोभिड-१९ तथ्याङ्क : २१ को निधन

काठमाडौँ, ११ असोज (रासस)।

विश्वव्यापी महामारी कोभिड-१९ सङ्क्रमणबाट विभिन्न मितिमा थप २१ नेपालीको ज्यान गएको यो साता पुष्टि भएको छ।

गैरआवासीय नेपाली सङ्घका अनुसार कुवेतमा पाँच, साउदी अरबमा १४, युएईमा एक, युगान्डामा एक गरी शनिबार साँझसम्म १७ देशमा रहेका २६५ नेपालीको कोरोना भाइरसको सङ्क्रमणका कारण ज्यान गएको कोभिड-उच्चस्तरीय समिति, गैरआवासीय नेपाली सङ्घका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो।

गैरआवासीय नेपाली सङ्घअन्तर्गतको स्वास्थ्य समितिले सङ्कलन गरेको तथ्याङ्कअनुसार शनिबार साँझसम्म ४२ देशमा रहेका ३८ हजार ८४८ नेपाली कोरोना भाइरसबाट सङ्क्रमित भएका हुन्। तीमध्ये ३५ हजार ७८ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्। यो कूल सङ्क्रमितमध्ये ९२ प्रतिशत हो। समितिका संयोजक डा सञ्जीव सापकोटाका यो साता पोर्चुगल, बेलायत, साउदी अरब, कुवेत, युएई, संयुक्त राज्य अमेरिकामा रहेका नेपालीमा नयाँ कोरोना भाइरसको सङ्क्रमण देखिएको हो।

यस्तै नेपालमा मात्र ७१ हजार ८२१ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् भने तीमध्ये ५३ हजार १३ कोरोनामुक्त भएका छन्। यो कूल सङ्क्रमितको ७१ प्रतिशत हो। हालसम्म नेपालमा ४६७ जनाको कोरोना सङ्क्रमणका कारण ज्यान गएको छ। कोरोना भाइरसकै कारण नेपालसहित विश्वभर छरिएका नेपालीमध्ये ७३२ को निधन भएको छ। यस्तै विश्वभर एक लाख १० हजार ६० नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ भने ती मध्ये ८८ हजार ९१ जनाको कोरोना भाइरसबाट मुक्त भएका छन्।

**हावाबाट कोरोना सर्दैन**

गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिले नेपालमा हावाबाट कोरोना सर्छ भन्दै विभिन्न अनलाइन मिडियामा आएका समाचारप्रति सत्यता नभएको प्रष्ट पारेको छ। समितिका संयोजक डा सञ्जीव सापकोटाले भन्नुभयो, "दुई मिटरसम्मको दूरीमा एक अर्कोका कोरोना भाइरस गर्दैन, कोनोना भाइरस हावाबाट अर्कोमा सर्ने सम्भवना निकै कम हुन्छ।" स्वास्थ्य समितिले कोरोना सङ्क्रमणको जोखिम उच्च रहेको जानकारी दिँदै बाहिर निस्कने समय मास्क लगाउन गर्न आग्रह गरेको छ। कोरोनाका कारण विश्वव्यापी लकडाउनपछि आत्महत्यामा भएको वृद्धिप्रति पनि चिन्ता व्यक्त गर्दै आफ्नो परिवारभित्र एकले अर्कोलाई प्रशस्त समय दिन पनि समितिले सुझाव दिएको छ।

**७८ हजारको उद्धार**

कोरोना भाइरसको सङ्क्रमणपछि भएको विश्वव्यापी लकडाउनका कारण विदेशमा अलपत्र परेका, आफन्तकामा गएर उतै रोकिएका र अन्य विविध कारण स्वदेश फर्कन नपाएका नेपालीको उद्धार कार्य जारी छ। हालसम्म गैरआवासीय नेपाली सङ्घ, नेपाल सरकारका विदेशस्थित दूतावास तथा नियोगहरुको संयुक्त पहलमा ३२ देशमा अलपत्र परेका ७८ हजार ३४३ नेपालीको उद्धार गरिएको छ।

चीनबाट कोरोना भाइरसको सङ्क्रमण भए लगत्तै गैरआवासीय नेपाली सङ्घका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा गठित कोभिड-१९ उच्चस्तरीय समिति विदेशमा अलपत्रमा परेका नेपालीको उद्धार र राहत वितरणमा सक्रिय रहेको सङ्घले जनाएको छ। सङ्घअन्तर्गतको स्वास्थ्य समितिले विदेशस्थित नेपाली कूटनीतिक नियोग, गैरआवासीय नेपाली सङ्घका राष्ट्रिय शाखा, विदेशका विभिन्न अस्पतालमा कार्यरत नेपाली चिकित्सक, सामाजिक सङ्घसंस्था लगायतबाट प्राप्त सूचनाको आधारमा विगत २४ सातादेखि लगातार विदेशमा कोरोना भाइरसबाट प्रभावित नेपालीको तथ्याङ्क सङ्कलन गर्दै आएको छ।

# एसिड आक्रमणविरुद्ध अध्यादेशको स्वागत

काठमाडौँ, ११ असोज (रासस)।

एसिड आक्रमण विरुद्ध मन्त्रिपरिषद्ले दुई वटा अध्यादेश जारी गरेकोमा महिला, कानून र विकास मञ्चले स्वागत गरेको छ।

एसिड आक्रमण विरुद्ध कानून निर्माणको माग गर्दै मञ्चले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेको थियो। रिट निवेदनमाथि फैसला गर्दै सर्वोच्चले कानून बनाउन आदेश जारी गरेको हो। नयाँ कानूनले आफ्नो दायरालाई फराकिलो बनाएर अग्निजन्य हिंसालाई पनि समेट्नुपर्ने मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठले माग गर्नुभएको छ।

"एसिडजन्य घटना जस्तै अग्निजन्य हिंसा पनि अमानवीय र जघन्य अपराध हो। एसिडजन्य घटना जस्तै अग्निजन्य हिंसा प्रभावितको जलनको पीडा, यसको उपचार पद्धति, उसको आत्मसम्मान तथा आत्मविश्वासमा पर्ने चोट, सामाजिक तिरस्कार, मानसिक पीडा उस्तै प्रकृतिको हुने भएकाले कानूनले एसिडजन्य घटनासँगै अग्निजन्य हिंसालाई पनि सम्बोधन गर्नुपर्छ", उहाँले भन्नुभयो।

वर्तमान कानूनले एसिड आक्रमणका पीडकलाई भूतप्रवाभी रूपमा दण्ड सजाय गर्न नसकेकाले कानूनले पहिले भइसकेका घटनाका एसिड पीडितलाई समेत उपचार सुविधा, राहत र पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गर्नुपर्ने मञ्चको माग छ।

अनुहार र शरीरमा भएको पीडाअनुसार फरक सजायको व्यवस्थालाई हटाई शरीरको जुनसुकै भागमा चोट लागे पनि कसुरदारको उद्देश्य अनुहारमा पीडा पार्ने भएकाले अनुहार र शरीर भनी नछुट्याई सजायमा एकरूपता दिन कानून व्यवसायीको माग छ।

सरकारी तथा निजी अस्पतालमा तत्काल अनिवार्यरूपमा 'बर्न युनिट' स्थापना गरी निःशुल्क उपचारको व्यवस्था मिलाउनुपर्छ। त्यसका लागि सबै प्रदेश तहमा बर्न युनिटसहितको अस्पतालको व्यवस्था गर्ने र सम्भव भएसम्म ग्रामीण भेगका स्वास्थ्य चौकीमा पनि यस्तो सेवा विस्तार हुनुपर्नेमा अधिवक्ता श्रेष्ठले ध्यानाकर्षण गराउनुभएको छ।

मन्त्रिपरिषद्ले गत साता तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७ र फौजदारी कानून तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गरेको थियो।

## मापदण्ड पूरा गरी विद्यालय सञ्चालन

लहान, ११ असोज (रासस)।

स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गर्दै सिरहाका विभिन्न स्थानका सामुदायिक तथा निजी विद्यालयहरु आइतबारबाट सञ्चालनमा आएका छन्।

जिल्लाको मिर्चैया र गोलबजार नगरपालिका तथा लक्ष्मीपुर पतारी गाउँपालिकालगायतका स्थानीय तहमा सामुदायिक तथा निजी विद्यालयहरु आवश्यक स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरी सञ्चालनमा आएका हुन्।

कोरोना संक्रमण फैलिन नदिन सरकारले गरेको बन्दाबन्दीका कारण गत चैत्र ११ गतेदेखि बन्द रहेका विद्यालयहरु स्थानीय तहको निर्णयअनुसार नियमित सञ्चालनमा आएका छन्।

विद्यालयमै सामाजिक दूरी कायम गरी स्वास्थ्य सतर्कता अपनाएर कक्षा सञ्चालन गर्न विद्यालयहरुलाई निर्देशन दिएअनुसार नगर क्षेत्रका विद्यालयहरु आजबाट सञ्चालनमा आएको मिर्चैया नगरपालिका शिक्षा शाखाका स्रोतव्यक्ति श्यामकुमार यादवले जानकारी दिनुभयो।

करीब छ महिनापछि विद्यालय सञ्चालनमा आएकाले विद्यार्थीको सङ्ख्या कम भएपनि दुई सिफ्टमा गरी नियमित पठनपाठन सञ्चालनमा ल्याइएको विद्यालयहरुले जनाएका छन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट यसअघि जारी गरिएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ को व्यवस्थावमोजिम नगरपालिकाले स्वास्थ्य सुरक्षा मापदण्ड तयार पारेको छ। विद्यार्थीले विद्यालय आउँदा अनिवार्य रुपमा मास्क लगाएको र सामाजिक दूरी कायम गरेको हुनुपर्छ।


## राजविराज नगरपालिका
## १ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७७/६/११

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. २ हाल १ बस्ने झबर प्रसाद यादवले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७७/६/११ मा द.न. ९० को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला। अन्यथा कानुन बमोजिम भइ जाने व्होरा जानकारी गराइन्छ।

तपसिल

जि.स.रा.वि.न.पा. वडा न. २ हाल १ बस्ने अनारकुमारी यादव नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | १ क | ५५९ | ०-०-१२ |
| सप्तरी | मलेठ | ७ क | ३५९ | ०-५-१५ |

## पेन्सन पट्टा हराएको सूचना

राजविराजदेखी फुलवडीयसम्म जाँदै गरेको अवस्थामा २०७७ असोज ३ गते मेरो निम्न नं. को पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०३५३९८०७ मा सम्पर्क गर्नुहोला।

नाम : गुलाब झा

ठेगाना : कोइलाडी ६, सप्तरी

पेन्सन पट्टा नं. : ७८८६०


# विश्व समाचार

## भारतमा कोरोना सङ्क्रमित ६० लाख नजिक, ९४ हजारको मृत्यु

नयाँदिल्ली, ११ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित हुने व्यक्तिको संख्या ५९ लाख ९२ हजार पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। मन्त्रालयले पछिल्लो २४ घण्टामा ८८ हजार ६०० जना नयाँ सङ्क्रमित थपिएको पनि जनाएको छ। साथै पछिल्लो २४ घण्टामा एक हजार १२४ जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ। भारतमा योसँगै कूल मृत्यु हुनेको संख्या ९४ हजार ५०३ पुगेको छ। मन्त्रालयका अनुसार नौ लाख ५६ हजार ४०२ जनामा सक्रिय कोरोनाको अवस्था छ भने ४९ लाख ४१ हजार ६२८ जना निको भएका छन्। कोरोनाभाइरसबाट सबैभन्दा बढी महाराष्ट्र राज्य प्रभावित भएको छ। यहाँ दुई लाख ६९ हजार ५३५ जना सङ्क्रमित अवस्थामा छन् भने कर्नाटक राज्यमा एक लाख एक हजार ८०१ जना, आन्ध्र प्रदेशमा ६५ हजार ७९४ जना, उत्तर प्रदेशमा ५७ हजार ८६ तथा तामिल नाडू राज्यमा ४६ हजार ३३६ जनामा सङ्क्रमण सक्रिय अवस्थामा रहेको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार सेप्टेम्बर २६ सम्ममा देशभर सात करोड १२ लाख ५७ हजार परीक्षण भएको छ।

## विश्वभर तीन करोड ३० लाखभन्दा बढी संक्रमित, नौ लाख ९८ हजारभन्दा बढीको मृत्यु

पेरिस, ११ असोज (रासस/एएफपी)।

विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को सङ्क्रमणबाट मृत्यु हुनेको संख्या नौ लाख ९८ हजारभन्दा बढी पुगेको छ। जोन्स हफ्किन्स विश्वविद्यालयका अनुसार कोभिड-१९बाट सङ्क्रमित हुनेको संख्या विश्वभर तीन करोड ३० लाख ६२ हजार पुगेका छ। कूल सङ्क्रमितमध्ये दुई करोड ४४ लाख १२ हजार निको भएका छन् भने करिब ७६ लाख ५० हजार मानिस सक्रिय सङ्क्रमित छन्। विश्वभर अझै पनि ६५ हजार मानिसको स्वास्थ्य अवस्था निकै जटिल रहेको छ। पेशा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको संयुक्तराज्य अमेरिकामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ भने यहाँ सङ्क्रमितको संख्या पनि ७२ लाख ८७ हजार नाघिसकेको छ। कोरोना सङ्क्रमणबाट अमेरिकामा हालसम्म दुई लाख नौ हजारभन्दा बढीको मृत्यु भएको छ। विश्वकै दोस्रो ठूलो जनसंख्या रहेको भारतमा ५९ लाख ९२ सङ्क्रमित भएका छन् भने यहाँ ९४ हजारभन्दा बढीको ज्यान गइसकेको छ। त्यस्तै ब्राजिलमा करिब ४७ लाख व्यक्ति सङ्क्रमित भएकामा एक लाख ४१ हजारभन्दा बढीको मृत्यु भएको छ। खोप विकास गरिसकेको घोषणा गरेको रसियामा पनि २० हजारभन्दा बढीको मृत्यु भएको छ भने दैनिक सङ्क्रमितको संख्या पनि बढ्दो छ। युरोपेली मुलुक खासगरी बेलायत, फ्रान्स, स्पेन र इटालीमा कोरोनाभाइरस सङ्क्रमणको दोस्रो लहर शुरु भएको आँकलन गर्दै सार्वजनिक जनजीवनमा धेरै किसिमका प्रतिबन्धको घोषणा गर्न थालिएको छ।

## चीनको कोइला खानीमा च्यापिएर १६ मजदुरको मृत्यु

बेइजिङ, ११ असोज (रासस/एएफपी)।

चीनको एक कोइला खानीमा कार्बन मोनोअक्साइड ग्यासका कारण कम्तीमा पनि १६ जना मजदुरको ज्यान गएको छ। दक्षिणपश्चिमी चीनको एक खानीमा सो दुर्घटना भएको बताइएको छ। चिनियाँ सरकारी टिभी सिसिटिभीले सो कुराको जानकारी गराएको हो। सो खानीमा कार्वन मोनोअक्साइड ग्यास विस्फोट भएको र जसका कारण ती मजदुर भाग्न नसकेर च्यापिएर ज्यान गएको बताइएको छ। आइतबार बिहान सो दुर्घटना भएको थियो। यस दुर्घटनामा परेर अरु पनि मजदुर सो खानीमा च्यापिएको अनुमान गरिएको छ। उद्धारकर्मीले स्वास्थ्यकर्मी तथा औषधिसहितको टोली समेत लिएर त्यहाँ पुगेका थिए। उनीहरुले खानीबाट उद्धार गरिएका नागरिकलाई उपचार गरेर बचाउने प्रयास गरेका थिए। सोह्र जनाको सो खानीभित्रै ज्यान गएको थियो। एक जनालाई उद्धार गरेर बाहिर निकालिएको थियो। अरु पनि सो खानीमा मजदुर परेको हुनसक्ने आशंकामा उद्धारको कार्य जारी राखिएको बताइएको छ। चीनमा खानी दुर्घटनामा परी वर्षेनी ठूलो संख्याका नागरिक ज्यान गुमाउन बाध्य हुने गर्दछन्।

## अफगान सेनाको कारबाहीमा १२ तालिबानी मारिए, केही घाइते

आलम, अफगानिस्तान, ११ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानका पूर्वी क्षेत्रका दुई प्रान्तमा शनिबार भएका सैन्य कारबाहीमा परी कम्तीमा पनि १२ जना तालिबानी लडाकूहरुको ज्यान गएको बताइएको छ। उनीहरु शनिबार अपरान्हमा सरकारी सैन्य कारबाहीमा परी मारिएका अफगानिस्तानको रक्षा मन्त्रालयले आइतबार जानकारी दिएको छ। अफगानिस्ताको पूर्वी प्रान्त लागोरमा अफगान सेनाको एयर फोर्सले गरेको हवाई कारबाहीमा परी छ जना ताबिलानी लडाकू मारिएका छन्। उनीहरु सो क्षेत्रमा स्थापना गरी सञ्चालनमा ल्याएको अखडामाथि अफगान सरकारी सेनाले हवाई आक्रमण गरेको थियो। सो कारबाहीबाट उक्त क्याम्प ध्वस्त भएको बताइएको छ। त्यसैगरी सो प्रान्तको छिमेकी अर्को प्रान्त घाज्नीको आब जिल्लामा रहेको एक प्रहरी चौकीमा तालिबानका लडाकूले शनिबार साँझ हमला गरेका थिए। त्यस क्रममा अरु पाँच जना तालीबानी लडाकूहरु घाइते भएका छन्। यी दुवै कारबाहीमा अफगान सुरक्षाकर्मीतर्फ भने कुनै क्षति नभएको बताइएको छ। यी कारबाहीका विषयमा अफगानिस्तानमा सशस्त्र हिंसा गरिरहेका लडाकूले भने कुनै पनि प्रतिक्रिया दिएका छैनन्। यतिखेर अफगान सरकार र तालिबानी लडाकूकाबीचमा कतारको दोहामा वार्ता जारी रहेको छ। तर यता अफगानिस्तानमा भने ताबिलानले हिंसा रोकेका छैनन्।

# प्रदेशको नीति तथा योजनाको वार्षिक प्रतिवेदन हस्तान्तरण

जनकपुरधाम, ११ असोज (रासस)।

प्रदेश नं २ को नीति तथा योजना आयोगले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रदेश सरकारलाई आइतबार हस्तान्तरण गरेको छ। मुख्यमन्त्री लालबाबु राउतलाई आयोगका उपाध्यक्ष डा भोगेन्द्र झाले सो प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

प्रतिवेदनमा गत आवको उपलब्धि एवं नीति तथा कार्यक्रम उल्लेख गरिएको छ। प्रतिवेदनमा विषयगत मन्त्रालयको बजेट सीमा निर्धारण र मार्गदर्शन, मध्यकालीन खर्च संरचना, प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्यका मार्गचित्र, जनसाङ्ख्यिक स्थिति विवरण, प्रदेश पार्श्वचित्र, प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन एवं प्रदेश योजना तथा कार्यक्रम दिग्दर्शन राखिएको छ।

# रु पाँचदेखी १७ हजारसम्म जरिवाना तोकिएका ३९ फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ असोज।**

विभिन्न मुद्दामा अदालतबाट कैद, जरिवाना तोकी फरार रहेका ३९ जना अभियुक्तलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आइतबार पक्राउ पर्नेहरुमा जिल्लाको छिन्नमस्ता गाउँपालिकाकै सर्वाधिक १६ जना रहेका छन्। जसमध्ये ८ जना कुटपिट मुद्दाका तथा ६ जना सार्वजनिक मुद्दा र २ जना लुटपिट मुद्दाका फरार अभियुक्तहरु छन्।

यस्तै महदेवा, अग्निसाइर कृष्णासवरण, राजविराज, तिलाठी कोइलाडी र डाक्नेश्वरी नगरपालिकाका बासिन्दा छन्। जसमा कुटपिट, लुटपिट, बालि बिगो, जबरजस्तिकरणी, करकाप लुटपाट, गालि बेइजती, जालसाजि, चोरी लगायतका मुद्दामा रु. ५ देखी १६ हजार ९ सय ८७ रुँपैयासम्म जरिवाना तोकिएको छ।

उनीहरुलाई आइतबारै जिल्ला अदालत सप्तरीमा पेश गरिएको प्रहरी प्रवक्ता तिलक भारतीले जानकारी दिएका छन्।

यसअघि प्रहरीले ४५ जना फरार अभियुक्तहरुलाई पक्राउ गरि कैद भुक्तान तथा जरिवानाका लागि अदालतमा पेश गरिसकेको छ।

# अब पिसिआर रिपोर्ट सम्बन्धित व्यक्तिलाई

काठमाडौं, ११ असोज (रासस)।

सबै प्रयोगशालाले अब पिसिआर परीक्षणको रिपोर्ट सम्बधित व्यक्तिलाई दिन पाउने भएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले पिसिआर परीक्षणको रिपोर्ट नेगेटिभ वा पोजेटिभ जे भए पनि सम्बन्धित व्यक्तिलाई दिन प्रयोगशालालाई निर्देशन दिइएको बताउनुभयो।

यसअघि प्रयोगशालाले रिपोर्ट नेगेटिभ आएको खण्डमा सम्बन्धित व्यक्तिलाई र पोजेटिभ आएमा इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखालाई दिँदै आएका थिए।

यसरी महाशाखालाई प्रयोगशालाले जानकारी गराएको आधारमा महाशाखाले पोजेटिभ देखिएका व्यक्तिलाई संक्रमण भएको जानकारी दिने गर्दथ्यो। नेपालमा नौ लाख ८८ हजार ३२७ जनाको पिसिआर परीक्षण गरिएको छ। अहिलेसम्म नेपालमा ७३ हजार ३९४ जना संक्रमित भएका छन्।

"पहिलो पोजेटिभ आएका संक्रमितलाई स्वास्थ्य संस्थामा राख्ने व्यवस्था गरेका थियौँ। अहिले आएर होम आइसोलेसनमा पनि राख्न सकिने व्यवस्था गरेका छौँ," उहाँले भन्नुभयो, "धेरै संक्रमित घरमै बसिरहेका छन्। त्यसैले अब घरमा आइसोलेसनमा बस्ने सबैलाई प्रयोगशालाले आफै जानकारी गराउने छन्।" मन्त्रालयले पोजेटिभ रिपोर्ट आएकालाई उपचारका लागि महाशाखालाई जानकारी गराउन भनेको थियो।

यस्तै काठमाडौं, मोरङ, चितवन र सुर्खेतमा संक्रमणको दर उच्च देखिएको छ। ती स्थानमा ६० वर्ष उमेर पुगेका, दीर्घरोगीलाई घरबाट ननिस्कन मन्त्रालयका प्रवक्ता डा. गौतमले आग्रह गर्नुभयो।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*